का.जि.प्र.का.द.नं. १००/०५२/६०
२१ कात्तिक २०८३
शनिबार
7 November 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक


ई-पेपर हेर्न

वर्ष २४, अंक २८१। पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com



फैलिँदै दिदीबहिनी टीका

दाजुभाइ नहुँदा वा विदेशमा हुँदा भाइटीका खल्लो हुने अनुभव धेरै दिदीबहिनीको छ। तर पछिल्लो समय उनीहरूले एक-अर्कालाई टीका लगाएर पर्व मनाउन थालेका छन्। यसले भाइटीकाको परम्परागत अभ्यासलाई आत्मीयता र आपसी सम्बन्धको नयाँ अर्थ दिएको छ।



सपना बोहरा/मध्यान्ह
काठमाडौं, २० कात्तिक

भाइटीका भन्नेबित्तिकै दिदीबहिनीले दाजुभाइको निधारमा सप्तरंगी टीका लगाइदिएको दृश्य धेरैको आँखामा आउँछ। दाजुभाइको दीर्घायु र सुस्वास्थ्यको कामना गर्दै मनाइने यो पर्व दाजुभाइ नहुने दिदीबहिनीका लागि भने फरक अनुभूतिसँग जोडिएको हुन्छ। बाल्यकालदेखि नै भाइटीकाका >>> पृष्ठ २ मा



दाजुभाइ नहुने दिदीबहिनीहरूले बुवाका दाजुभाइका छोराहरूलाई टीका लगाउने, त्यो पनि नभए दाजुभाइ नै बनाएर वा मन्दिरमा गएर टीका लगाउने परम्परा हो। दिदीबहिनीले भाइटीका लगाउनु संस्कृतिको बिस्तार र अर्को सुविधा पनि हो। यसलाई सकारात्मक मान्नुपर्छ।

● **डा. गोविन्द आचार्य**
संस्कृतिविद्



दिदीबहिनी नहुने दाइभाइलाई त सामान्य हुँदो रहेछ, तर दाइभाइ नहुने दिदीबहिनीलाई त केही नै नभएको जस्तो हुँदो रहेछ। मैले नै छोरीहरूलाई दिदीबहिनी टीका लगाउन लगाएर उनीहरूको हिम्मत बढाइदिएँ।

● **निर्मला शर्मा**
वरिष्ठ पत्रकार



संस्कृतिको विस्तार

संस्कृतिविद् डा. गोविन्द आचार्यका अनुसार भाइटीकाको मूल भाव दाजुभाइ तथा दिदीबहिनीबीचको प्रेम, सम्मान, आत्मीयता र एकअर्काको समृद्धिको कामना गर्नु हो। त्यसैले भाइटीका दाजुभाइ र दिदीबहिनी दुवैका लागि विशेष पर्व भएको उनी बताउँछन्। दिदीबहिनीले एकअर्कालाई टीका लगाउनु सामाजिक तथा पारिवारिक परम्पराको विस्तारका रूपमा बुझ्न सकिने उनको भनाइ छ। 'दाजुभाइ नहुने दिदीबहिनीहरूले बुवाका भाइका छोराहरूको टीका >>> पृष्ठ २ मा

रवि-बालेन बढ्यो दूरी

सरकार र पार्टीबीच टकराव

आइजिपी प्रकरण, प्रधानमन्त्री वालेन्द्र शाहको एकलौटी कार्यशैली र चुनावी वाचा पूरा नहुँदा सत्तारूढ रास्वपामा सम्बन्ध चिसिएको छ। सत्ता सम्हालेको सात महिनामै पार्टी र सरकारको नेतृत्वबीचको टकराव सतहमा आएको हो।



माथिदेखि तलसम्म हामी यति मातिएका छौं, हामी यति चढेका छौं, हामीले मान्छेलाई मान्छे गनेका छैनौं। त्यो राजनीतिक चरित्रले हामीलाई धेरै पर लैजाँदैन। हामीले भुइँ छोड्नुहुँदैन।

■ **रवि लामिछाने**
सभापति, रास्वपा

तपाईंहरूको कार्यकर्ता लड्छन्, नेता हाँसेर बस्छन्। हाम्रो नेता लड्छन्, मानवताले आस गर्छन्! फरक यत्ति हो! देश जोगाउने र पार्टी जोगाउनेमा फरक हुन्छ।

■ **वालेन्द्र शाह**
प्रधानमन्त्री

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, २० कात्तिक

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले आफ्नै नेतृत्वको सरकारदेखि पार्टीका कार्यकर्तासम्मका व्यवहारमा असन्तुष्टि व्यक्त गरेका छन्। निर्वाचन क्षेत्र चितवन पुगेका लामिछानेले शुक्रबार आफ्नै पार्टी र सरकारलाई कटाक्ष गर्दै भने, 'माथिदेखि तलसम्म हामी यति मातिएका छौं, हामी यति चढेका छौं, हामीले मान्छेलाई मान्छे गनेका छैनौं।'

जनताले दिएको १८२ सिटको अभिमत जनताको हुर्मत लिन दुरुपयोग नगर्न पनि उनले आग्रह गरे। 'म त घण्टीको मान्छे हुँ, म रास्वपाको मान्छे हुँ भन्दै प्रहरी/प्रशासनलाई दबाब दिने काम गऱ्यौं भने त्यो राजनीतिक चरित्रले हामीलाई धेरै पर लैजाँदैन। त्यसैले हामीले भुइँ टेक्नुपर्छ, हामीले भुइँ छोड्नुहुँदैन,' उनले भने।

लामिछानेको शुक्रबारको अभिव्यक्ति सरकार र पार्टीका कार्यकर्ताप्रति लक्षित देखिन्छ। प्रहरी/प्रशासनलाई दबाब दिने र सत्ताको शक्तिको दुरुपयोग गर्ने प्रवृत्तिप्रति उनले असन्तुष्टि जनाएका छन्। उनको अभिव्यक्तिले पार्टीभित्र र सरकारको कार्यशैलीमा देखिएको असन्तुष्टिलाई समेत सतहमा ल्याएको छ।

सरकारले बिहीबार मात्रै नेपाल प्रहरीका महानिरीक्षक (आइजिपी) दानबहादुर कार्कीलाई हटाएर तेस्रो वरीयताका एआइजी मनोज केसीलाई आइजिपी बनाएको थियो। यो निर्णयप्रति रास्वपाभित्रै असन्तुष्टि देखिएको छ। पार्टी सभापति लामिछाने कार्कीलाई हटाउने पक्षमा थिएनन्। तर, प्रधानमन्त्रीले मन्त्रिपरिषद्को आकस्मिक बैठक बोलाएर कार्कीलाई प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकार पद सिर्जना गरी जिम्मेवारीबाट हटाएपछि पार्टीभित्र खैलाबैला भएको थियो।

आइजिपीलाई यसरी सरुवा गर्ने कानुनी व्यवस्था नभएको भन्दै सरकारको निर्णयमाथि प्रश्न उठेको छ। सरकारका प्रवक्ता सस्मित पोखरेलले पार्टीकै निर्देशनमा कार्कीको जिम्मेवारी फेरबदल गरिएको दाबी गरेका थिए। तर, त्यसको लगत्तै रास्वपा प्रवक्ता जगदीश खरेलले पार्टीसँग कुनै सल्लाह नगरी प्रहरी प्रमुख हटाइएको बताएका थिए। प्रवक्ता खरेलले यसबारे पुनः स्पष्ट पार्दै भनेका छन्, 'पार्टीले कसैलाई हटाउन वा राख्न भनेको छैन र भन्ने पनि छैन। सरकारले प्रहरी प्रमुख किन बदल्यो, त्यसको जवाफ सरकारले नै दिनुपर्छ।' सरकारले भने आइजिपी कार्कीलाई हटाएर केसीलाई किन ल्याइएको >>> पृष्ठ २ मा



यसरी खुल्यो ममताको शव टुक्र्याएर फालेको रहस्य

वकिलको त्यो प्रश्न, जसले नरेशलाई ममताको शव टुक्रा-टुक्रा पारेर कन्टेनरमा फ्याँकेको स्विकार्न बाध्य बनायो। हत्या गरेको आरोप भने उनले अस्वीकार गरेका छन्।

उषा बस्नेत/मध्यान्ह
काठमाडौं, २० कात्तिक

अमेरिकी अदालतभित्र नेपाली नर्स ममता काफ्ले प्रकरणको सुनुवाइ चल्दै थियो। अभियोजन पक्षका वकिल म्याथ्यु स्विटले प्रतिवादी नरेश भट्टसँग एकपछि अर्को प्रश्न गरिरहेका थिए। यसपटक उनको उद्देश्य घटनाक्रम बुझ्नु मात्र थिएन, नरेशको विरोधाभासपूर्ण बयानलाई उजागर गर्नु पनि थियो।

वकिलले नरेशको विश्वसनीयतामाथि सिधै प्रश्न उठाउँदै जिरह सुरु गरे।

'तिमी 'फटाहा' हौ।'

'तिमीले प्रहरीलाई ढाँट्यौ। अनुसन्धान अधिकारीलाई ढाँट्यौ। घरपरिवारलाई ढाट्यौं। साथीभाइलाई ढाट्यौं। मिडियालाई ढाट्यौं।'

वकिलको यो कडा टिप्पणीपछि नरेशसँगको प्रश्नोत्तर थप तिखा हुँदै गए। ममता काफ्लेसँगको सम्बन्ध, उनीहरूको वैवाहिक जीवनमा आएको दरार र त्यसपछि भएका घटनाबारे वकिलले प्रश्न उठाए।

फेब्रुअरी >>> पृष्ठ २ मा

पोखराको प्लेअफ यात्रा कठिन सुदूरपश्चिमको तेस्रो, चितवनको दोस्रो जित

मध्यान्ह संवाददाता
काठमाडौं, २० कात्तिक

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)मा पोखरा एभेन्जर्सले लगातार चौथो हार व्यहोरेको छ। शुक्रबार चितवन राइनोजसँग ३० रनको पराजय भोगेसँगै पोखराको प्लेअफ यात्रा पनि कठिन बनेको छ। जितविहीन पोखराले अब खेल्न बाँकी तीन खेल नै जिते पनि प्लेअफ पुग्न अन्य टोलीको नतिजामा भर पर्नुपर्ने भएको छ। चितवनले दिएको १५२ रनको लक्ष्य पछ्याएको पोखराले १९ ओभरमा अलआउट हुँदै १२१ रन मात्र बनाउन सक्यो। पोखराका लागि अर्जुन कुमालले सर्वाधिक ४५ रन बनाए। >>> पृष्ठ २ मा



वैदेशिक रोजगार विशेष

उजुरी बढ्दा विभागमा बढ्यो कामको चाप

मध्यान्ह संवाददाता
काठमाडौं, २० कात्तिक

सरकारले कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म सरकारी कार्यालयहरू बिहान ९ बजेदेखि अपराह्न ४ बजेसम्म मात्रै सञ्चालन हुने निर्णय गरेको छ। सोहीअनुसार अपराह्न साढे ३ बजेपछि कर्मचारीहरू घर फर्किने तरखर गर्छन्। तर, वैदेशिक रोजगार विभाग ताहाचलमा भने कात्तिक १५ गते वा त्यसभन्दा अघिकै अवस्था देखिन्छ।

विभागमा व्यक्तिगत ठगीका अभियुक्त बढेका कारण साँझ अबेरसम्म कार्यालय सञ्चालन गर्नुपर्ने अवस्था आएको छ। विभागको मुद्दा तथा अनुसन्धान शाखाका अनुसार हाल दैनिक १८ देखि २२ जना प्रतिवादीको बयान तथा म्याद थप गर्नुपर्ने बाध्यता छ। विभागमा अभियुक्तको संख्या धेरै भए पनि उनीहरूलाई म्याद थपका लागि पुऱ्याउन आवश्यक सवारीसाधनको अपर्याप्तता झेल्दै आएको शाखाको भनाइ छ।

विभागले उजुरी फछ्र्योटको कामलाई उच्च प्राथमिकतामा राखेको छ। उजुरी फरफारकका लागि वैदेशिक रोजगार ठगीसम्बन्धी उजुरीलाई मेलमिलापसम्बन्धी कार्यविधिअनुसार पक्षहरूबीच मेलमिलापको माध्यमबाट घटाउने नीति लिएको बताएको छ। तर, व्यक्तिगत उजुरी दर्ताको क्रम नरोकिएका कारण उजुरीको चाप रहेको बताइएको छ। वैदेशिक रोजगारीसम्बन्धी झन्डै २८ हजारभन्दा बढी उजुरी रहेको विभागको भनाइ छ।

यसैबीच, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, टेकुले वैदेशिक रोजगारीका लागि विभिन्न देशमा पठाईदिने भन्दै ठगी गरेको उजुरीका आधारमा तीन जनालाई पक्राउ गरेको छ। अस्ट्रेलिया र रुसमा आकर्षक तलबको प्रलोभन देखाएर ठुलो रकम ठगी गरेको प्रहरीले जनाएको छ।

अस्ट्रेलिया पठाउने भन्दै १ लाख रुपैयाँ ठगी गरेको उजुरीका आधारमा रोल्पाका रबिन डाँगी, रुस पठाउने भन्दै ७ लाख ५० हजार रुपैयाँ ठगी गरेको उजुरीका आधारमा रबिन थापा क्षेत्री र रुस पठाउने भन्दै ८ लाख ७५ हजार रुपैयाँ ठगी गरेको आरोपमा दुर्गा थापा क्षेत्रीलाई पक्राउ गरिएको छ।

वैदेशिक रोजगार विभागले उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार न्यायाधिकरणबाट म्याद थप गरेको छ।

स्वस्थ रहन: जीवनशैली परिवर्तन गरौं

असन्तुलित खानपिन तथा जीवनशैलीका कारण विभिन्न रोगहरु लाग्न सक्छन्।
त्यसैले,

- स्वस्थ र सन्तुलित खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा तथा सुर्तिजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं।



नेपाल सरकार
विज्ञापन बोर्ड

बढ्दै....

दिन खल्लो महसुस गर्नेहरू पनि छन् । तर समयसँगै दिदीबहिनीले नै एकअर्कालाई टीका लगाएर यो दिनलाई विशेष बनाउन थालेका छन् ।

धापासी-६, काठमाडौंकी कल्पना आचार्यका आफ्नै दाजुभाइ छैनन् । तर दाजुभाइ नभएकै कारण उनले भाइटीका मनाउन छाडेकी छैनन् । बरु तीन दिदीबहिनी नै एकअर्कालाई टीका लगाएर पर्व मनाउँदै आएका छन् । भाइटीकाका दिन उनीहरू एकअर्काको निधारमा सप्तरंगी टीका लगाइदिन्छन् । मखमली र सयपत्री फूलका माला पहिर्‍याउँछन्, मिठाई खुवाउँछन् र एकअर्काको सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्छन् । उनका लागि यो टीका लगाउने विधि मात्रै होइन, आपसी माया, साथ र सम्बन्धलाई थप बलियो बनाउने अवसर पनि हो ।

दिदीबहिनीबीच टीका लगाउन थालेको करिब १४ वर्ष पुग्न लागेको आचार्य बताउँछिन् । 'दाजुभाइ नहुनेहरूले दिदीबहिनीबीच पनि भाइटीका लगाउँदा राम्रो लाग्छ,' आचार्यले भनिन्, 'भाइटीकाबाट दिदीबहिनीमा परिमार्जन भएको हो, सकारात्मक लिनुपर्छ ।'

१४ वर्षअघि दिदीबहिनीले मात्रै टीका लगाएर फेसबुकमा तस्बिर पोस्ट गर्दा आफन्तबाट सकारात्मक प्रतिक्रिया पाएको उनी सम्झिन्छिन् । 'त्यो समयमा दिदीबहिनीहरूले टीका लगाउँदैनथे, नाता पर्ने दाइभाइ खोजीखोजी टीका लगाइन्थ्यो । तर हामी दिदीबहिनीले टीका लगाउने निधो गरेर लगायौं,' उनले भनिन् । उनकी क्यानडामा बस्दै आएकी दिदी पनि यसपटक नेपालमै छिन् । त्यसैले धेरैपछि तीन बहिनीले सँगै भाइटीका लगाउँदै छन् । उनी मात्रै होइन, उनका दुई बहिनी छोरीहरूले पनि एकआपसमा टीका लगाएर भाइटीका मनाउँदै आएका छन् । 'दुई बहिनी छोरी छन्, उनीहरू पनि एकआपसमा भाइटीका लगाउँछन् । छोरा वा दाजुभाइ नभएर भाइटीका निरास हुँदैन,' उनले भनिन् ।

दाजुभाइ हुँदै नहुने दिदीबहिनी मात्रै होइन, अध्ययन तथा रोजगारीका सिलसिलामा बिदेसिएका दाजुभाइ बर्सौंसम्म स्वदेश नफर्किएपछि पनि दिदीबहिनीले एकअर्कालाई टीका लगाएर भाइटीका मनाउन थालेका छन् । तारकेश्वर-७ की शोभा ढुंगानाले दाजुलाई भाइटीका लगाउन नपाएको १८ वर्ष भयो । उनका दाजु अस्ट्रेलियामा छन् । दाजु घरमा नहुँदा हरेक वर्षको भाइटीका खल्लो हुने गर्थ्यो । तर पछिल्लो सात वर्षदेखि ढुंगानाका दिदीबहिनीले एकआपसमा टीका र फूलमाला लगाएर भाइटीका मनाउँदै आएका छन् । 'दाजु अस्ट्रेलियामा बस्न थालेको धेरै वर्ष भयो, हामीले टीका लगाउन नपाउँदा खल्लो हुन्थ्यो,' उनले भनिन्, 'सबैले टीका लगाउँदा नरमाइलो लाग्थ्यो, हामीले पनि लगाउन सुरु गर्‍यौं ।'

दाजुभाइको मात्रै होइन, दिदीबहिनीको सुरक्षा र समृद्धिको पनि उत्तिकै आवश्यकता रहेको उनी बताउँछिन् । 'हामी दिदीबहिनीले भाइटीका लगाउँदा परिवारका अन्य आफन्त र समाजले के भन्छन्, त्यो हामीले सुनेका छैनौं,' उनले भनिन्, 'दाजुभाइको जत्तिकै दिदीबहिनीको सुरक्षा, दीर्घायु र समृद्धिको आवश्यकता छ ।' नेपाल पत्रकार महासंघकी केन्द्रीय अध्यक्ष निर्मला शर्माका पनि दुई छोरी छन् । कान्छी छोरी चार वर्षकी हुँदा दुवै छोरीले टीका लगाउन भाइ चाहियो भन्ने गरेको निर्मला आज पनि सम्झिन्छिन् । 'छोरीहरू चार र सात वर्षको हुँदा टीका लगाउनका लागि भाइ चाहियो भन्न थाले,' निर्मलाले भनिन्, 'छोराछोरी जे भए पनि दुईवटा बनाउने मात्र योजना थियो । तेस्रो सन्तान नजन्माउने, बरु छोरीहरूलाई नै भाइटीका होइन, तिहारको टीका लगाउन अनुरोध गरें ।'

त्यस दिनदेखि दिदीबहिनीले एकअर्कालाई टीका लगाउन थालेको १८ वर्ष पुगिसकेको छ । काम विशेषले देशबाहिर भएको अवस्थामा बाहेक उनीहरूले हरेक वर्ष टीका लगाउँदै आएका छन् । 'दिदीबहिनी नहुने दाइभाइलाई त सामान्य हुँदो रहेछ, तर दाइभाइ नहुने दिदीबहिनीलाई त केही नै नभएको जस्तो हुँदो रहेछ,' उनले भनिन्, 'मैले नै छोरीहरूलाई दिदीबहिनी टीका लगाउन लगाएर उनीहरूको हिम्मत बढाइदिएँ ।' त्यतिबेला सामाजिक सञ्जाल थिएन । छोरीहरूले एकअर्कालाई टीका लगाउने निर्णय गर्दा विभिन्न प्रतिक्रिया पनि आएको उनी सम्झिन्छिन् । 'देवरको छोरालाई टीका लगाउनुपर्ने, दाइ बनाएर भए पनि टीका लगाउनुपर्ने भन्ने धेरै कुरा आए,' उनले भनिन्, 'कहींकतै दिदीबहिनी टीका लगाउने चलन बढ्न थाले पनि पुरानो सोच अझै परिवर्तन भएको छैन ।'

परम्पराको...

लगाउने, त्यो पनि नभए दाजुभाइ नै बनाएर वा मन्दिरमा गएर टीका लगाउने परम्परा हो,' उनले भने, 'पछिल्लो समय परम्पराको विस्तार भएको छ । दिदीबहिनीले भाइटीका लगाउनु संस्कृतिमा थपिएको अर्को सुविधा पनि हो ।'

परम्परागत रूपमा भाइटीका दिदीबहिनीले दाजुभाइलाई टीका लगाइदिने पर्वका रूपमा परिचित छ । धार्मिक मान्यतामा यमराज र उनकी बहिनी यमुनाको कथासँग जोडिएको यस पर्वमा दाजुभाइको दीर्घायुको कामना गरिन्छ । तर दाजुभाइ नहुने परिवारमा दिदीबहिनीले एकअर्कालाई टीका लगाउने अभ्यासलाई सकारात्मक रूपमा लिनुपर्ने डा. आचार्यको धारणा छ ।

भाइटीकाको परम्परागत विधि र मान्यताबीच दिदीबहिनीले एकअर्कालाई टीका लगाउने अभ्यासले पर्वको भावनालाई फराकिलो बनाएको देखिन्छ । दाजुभाइको अनुपस्थिति वा भौगोलिक दूरीका कारण चाडपर्वमा महसुस हुने खालीपनलाई आपसी माया, साथ र आत्मीयताले पूर्ति गर्ने यो अभ्यासले सम्बन्धको महत्त्वलाई पनि उजागर गरेको छ ।

रवि-बालेन...

हो भन्नेबारे स्पष्ट जवाफ दिन सकेको छैन । सरकार र पार्टीका प्रवक्ताका फरक-फरक अभिव्यक्तिले रास्वपाभित्रको आन्तरिक असन्तुष्टि उजागर गरेको छ ।

बिहीबार चितवन पुगेका सभापति लामिछानेले पत्रकारले सोधेको आइजिपी हेरफेरसम्बन्धी प्रश्नको जवाफ दिँदै सरकारले आफ्नो निर्णयको औचित्य पुष्टि गर्नुपर्ने बताएका थिए । 'कुनै पनि सरकारले काम गर्नका लागि आवश्यक पर्ने कदम चाल्दा त्यसको औचित्य पुष्टि गर्ने जिम्मेवारी सरकारको रहन्छ । त्यो औचित्य अवश्य पनि सरकारले पुष्टि गर्ला,' उनले भनेका थिए ।

सुरक्षा निकायसँग सम्बन्धित प्रहरी प्रमुखको जिम्मेवारी हेरफेर संवेदनशील विषय भएको उनको भनाइ थियो । 'सुरक्षा निकायसँग सम्बन्धित यो जिम्मेवारी हेरफेरमा एउटा असाध्यै संवेदनशील विषय समावेश भएको कारणले सरकारले कुनै निश्चित समयमा यसको औचित्य अवश्य पनि पुष्टि गर्ला,' लामिछानेले भनेका थिए ।

सरकारका निर्णयमाथि प्रश्न उठाउने, आवश्यक स्पष्टता माग्ने र निगरानी गर्ने काम पार्टीको जिम्मेवारी भएको उनले बताए । 'सरकारले गरेका सबै चिजलाई पार्टीले होमा हो मिलाउँदैन,' सभापति लामिछानेले भने, 'सरकारका निर्णयमा आवश्यक पर्दा पार्टीले फरक धारणा राख्ने र थप स्पष्टता माग्ने गर्छ ।' पार्टीले सरकारलाई आइजिपी, डिआइजी, इन्स्पेक्टर वा सिडिओ फेर भन्नेजस्ता निर्देशन नदिने उनको दाबी थियो ।

बालेनको स्ट्याटसले संशय

आइजिपी प्रकरणमा विभिन्न कोणबाट छलफल भइरहेका बेला रास्वपाका वरिष्ठ नेता एवं प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)ले बिहीबार सामाजिक सञ्जालमार्फत देश जोगाउने र पार्टी जोगाउने विषय फरक रहेको बताएका छन् । आफूले देश जोगाउन लाग्दा आफ्नै दलका नेताहरू पार्टी जोगाउन लागेको सन्देश उनले दिन खोजेको देखिन्छ ।

प्रधानमन्त्री शाहले बिहीबार राति लेखेको स्ट्याटसले सभापतिसहितका नेताहरूसँग उनको दूरी बढेको संकेत गरेको छ । 'तपाईंहरूका कार्यकर्ता लड्छन्, नेता हाँसेर बस्छन्,' उनले अगाडि लेखेका छन्, 'हाम्रो नेता लड्छन्, मानवताले आस गर्छन् ! फरक यति हो ! देश जोगाउने र पार्टी जोगाउनेमा फरक हुन्छ ।' सामान्यतया कम बोल्ने प्रधानमन्त्री बालेनले आफ्नो धारणा सार्वजनिक गर्नुपर्दा सामाजिक सञ्जालमा स्ट्याटस लेख्ने गरेका छन् । सरकारको निर्णय र पछिल्लो कार्यशैलीलाई लिएर पार्टीभित्र असन्तुष्टिका स्वर बढिरहेका बेला उनको 'देश जोगाउने र पार्टी जोगाउनेमा फरक हुन्छ' भन्ने अभिव्यक्ति सभापति लामिछाने लक्षित रहेको टिप्पणी भइरहेको छ । रास्वपाका नेताहरूले समेत प्रधानमन्त्रीको पछिल्लो अभिव्यक्ति लामिछानेतर्फ लक्षित भएको बताएका छन् ।

'प्रधानमन्त्रीको पछिल्लो कार्यशैली सामूहिकताभन्दा एकल रूपमा अघि बढ्ने र सत्तामा भएकाले जे गर्दा पनि हुन्छ भन्ने खालको प्रवृत्ति देखिन थालेको छ,' रास्वपाका एक पदाधिकारीले भने, 'सरकारले पार्टीको वाचापत्रअनुसार काम गर्नुपर्छ, पार्टी नेतृत्वको सुझाव र आवश्यक निर्देशन मान्नैपर्छ ।'

सरकारले पार्टीका योजनाभन्दा पनि आफ्नै मनोगत ढंगले काम गर्दा पार्टी र जनताबीच दूरी बढ्ने ती पदाधिकारीको चिन्ता छ ।

चुनावी वाचादेखि कार्यशैलीसम्म असन्तुष्टि

चुनावमा मतदातामाझ जाँदा सभापति लामिछानेले रास्वपाको एकल सरकार बनेको १०० दिनमै व्यापक सुधार गर्ने प्रतिबद्धता जनाएका थिए । उनले भनेका थिए, 'हामीलाई एकल बहुमत दिनुस्, हामीले सरकार बनाएको एक सय दिनमा विदेशका गल्लीगल्लीमा पुगेर रोजगारीको ग्यारेन्टीसहित स्वदेश फिर्ताको स्टिकर टाँस्छौं ।' त्यति मात्रै होइन, सहकारीका बचतकर्ताको रकम फिर्तादेखि नागरिकलाई सेवा प्रवाह र सुशासनका क्षेत्रमा कायापलट गर्ने उनको प्रतिबद्धता थियो । भ्रष्टाचारीमाथि सरकार गठन भएदेखि नै कारबाही थाल्ने घोषणा गरेको रास्वपाले सरकार गठन भएको सात महिना पुगिसक्दा पनि एकजना भ्रष्टाचारीलाई जेल हाल्न सकेको छैन । यसले सरकारप्रति नागरिकको भरोसा घट्दै गएको लामिछानेले नै बताउन थालेका छन् ।

नागरिक समाज र सञ्चारमाध्यममाथि सरकारले गरेको प्रहारप्रति पनि पार्टी सभापति लामिछाने सन्तुष्ट छैनन् । 'विश्लेषण गर्ने समाजमाथि जाइलाग्नु राम्रो होइन,' उनले भने, 'समाजले हामीलाई ऐना देखाइदिन्छ । ऐनाले हाम्रो अनुहार देखाएको छ । आफ्नो अनुहार देखाएपछि ऐना देखाउनेतिर झम्टिने राजनीतिक चरित्र होइन । त्यसबाट माथि उठ्नुपर्नेछ ।'

एउटा चुनाव जित्दैमा कुनै ग्रहबाट खसेर आएजस्तो व्यवहार नगर्न र जमिन बिर्सन नहुने पनि उनले बताएका छन् । पार्टी र सरकार प्रमुखका यी अभिव्यक्ति तथा नेताहरूका पछिल्ला भनाइले रास्वपाभित्रको सकसपूर्ण अवस्थालाई संकेत गरेका छन् ।

परम्परागत राजनीतिक दलप्रतिको जनअसन्तुष्टिबाट जन्मिएको रास्वपाले भ्रष्टाचार र दण्डहीनताको अन्त्य, राजनीतिक स्थिरता र सुशासनको बहार ल्याउने आश्वासन दिएको थियो । 'पुराना दलभन्दा फरक' भन्ने नाराले लाखौं मतदातालाई आकर्षित गरेको रास्वपाले पहिलो निर्वाचनमै उल्लेखनीय सफलता हासिल गर्दै संसद्को चौथो ठुलो दल बनेको थियो । अहिले भने ऊ देशकै शक्तिशाली दलका रूपमा सत्ताको नेतृत्वमा छ ।

तर, दुईतिहाइ मतसहित सत्ताको नेतृत्व गरेको रास्वपामा पार्टी नेतृत्व र सरकार प्रमुखबीच सात महिनामै आन्तरिक असन्तुष्टि झाँगिएको छ । पार्टीभित्र राजनीतिक अनुभव, सुझबुझ र लगानी भएका नेताभन्दा फरक-फरक पृष्ठभूमिबाट आएका र होहल्लाका भरमा टिकट लिएर निर्वाचित भएका सांसदहरूले अझै आफूलाई अभियन्ताभन्दा माथि उठाउन नसकेको टिप्पणी हुन थालेको छ ।

यसरी...

१६ का म्यासेजहरूलाई आधार बनाउँदै उनले नरेशलाई सोधे, 'ममतासँग विवाद हुँदा तिमीहरूबीच नियमित रूपमा सम्बन्धविच्छेदको कुरा हुन्थ्यो, होइन ?'

नरेशले स्वीकार गरे ।

नरेशले सन् २०२४ जुलाई ३० को मध्यरातमा घरको शयनकक्षमा ममता अचेत अवस्थामा भेटिएको बयान दिएका छन् । उनका अनुसार ममताको शरीर र भुइँमा बान्ता थियो भने नजिकै औषधि र विषादी पनि देखिएका थिए । नरेशले ममताको अवस्था देखेपछि आफूले बचाउने प्रयास गरेको दाबी गरे पनि प्रहरीलाई खबर गर्नुको सट्टा शव लुकाउने निर्णय गरेको स्विकारेका छन् ।

अदालतमा वकिलले त्यसपछि के गर्नुभयो भनेर सोध्दा उनले शव बाहिरको फोहोर फाल्ने कन्टेनरमा राख्ने प्रयास गरेको जवाफ दिएका थिए । उनले शवलाई पोटोम्याक नदीतर्फ लैजाने र आराले टुक्र्याउने काम गरेको पनि स्विकारेका छन् । ममताको शव अहिलेसम्म फेला परेको छैन ।

विवादका क्रममा दुवैजनाले आत्महत्यासम्बन्धी धम्की वा संकेत दिएका थिए ? भन्ने प्रश्नमा पनि उनले सहमति जनाए । ममताबाट आफू मानसिक र भावनात्मक रूपमा टाढिँदै गएको कुरा पनि उनले स्वीकार गरे । तर ममतालाई पूर्ण रूपमा अलपत्र छाडेको भने अस्वीकार गरे ।

वकिलले अब सम्बन्धको प्रसंग छाडेर घटनाको सबैभन्दा गम्भीर पाटोतर्फ प्रश्न सोझ्याए ।

'यही हो तिमीले गर्ने माया ?'

वकिलले नरेशलाई ममताप्रतिको प्रेम र उनले गरेको व्यवहारबीचको विरोधाभास सम्झाए । ममता उनलाई माया गर्थिन् । तर नरेशले उनको शवसँग गरेको व्यवहार भने त्यसको ठीक विपरीत थियो । वकिलले प्रश्न गरे, 'तपाईंले ममतालाई माया गर्नुहुन्थ्यो ? उनले पनि तपाईंलाई माया गर्थिन्, होइन ?' नरेशले 'हो' भने । 'त्यसो भए तपाईंले उनलाई टुक्राटुक्रा पार्नुभयो ? यही हो तपाईंले गर्ने माया ?' वकिलको प्रश्न थियो । नरेशले भने, 'मलाई थाहा छ, त्यो माया होइन ।' वकिलले नरेशको जवाफमै अर्को प्रश्न थपे । उनले ममताको शव टुक्र्याएको मात्र नभई फोहोरको कन्टेनरमा कोचेर फालेको प्रसंग उठाए । वकिलले सोधे, 'तपाईंले उनको शव फोहोरको कन्टेनरमा राख्नुभयो, होइन ?'

'हो' उनले भने । वकिलले अझ स्पष्ट जवाफ खोज्दै सोधे, 'स्पष्ट भन्नुस् । तपाईंले उनको शव कन्टेनरमा फाल्नुभयो ?' नरेश 'एस' भन्छन् । तर जिरह त्यतिमै रोकिएन । वकिलले शव टुक्र्याउनुको कारणबारे पनि प्रश्न गरेका छन् । 'कन्टेनरमा अटाउनकै लागि टुक्र्याउनुभयो ?'यही प्रश्न नरेशका लागि सबैभन्दा असहज बन्यो । नरेशले शव फोहोरको कन्टेनरमा अटाउन नसकेपछि त्यसलाई टुक्र्याउने निर्णय गरेको बताएका छन् ।

वकिलले त्यसपछि आराको प्रयोगबारे प्रश्न गरे । नरेशले शवका तल्लो अंग छुट्याउन आरा प्रयोग गरेको स्वीकार गरेका छन् । उनले त्यसबेला आफ्नो मानसिक अवस्था ठीक नभएको र हातसमेत राम्ररी नचलेको बताएका थिए । तर आफूले शव टुक्र्याएको तथ्य भने अस्वीकार गरेनन् ।

वकिलले फेरि ममताप्रतिको प्रेमको प्रसंग जोडेर सोधे, 'त्यो माया थिएन, होइन ?' 'एस' नरेशको जवाफ थियो ।

'त्यो आफ्नी पत्नीमाथिको अत्यन्तै भयानक व्यवहार थियो, होइन ?' उनले फेरि सोधे । नरेशले स्विकारे, 'हो ।'

यसरी नरेशले ममताको शव टुक्र्याएको, त्यसलाई कन्टेनरमा अटाउने गरी व्यवस्थापन गरेको र शव लुकाउन खोजेको स्वीकार गरेका छन् । वकिलले त्यसपछि शव लुकाउने उद्देश्यबारे प्रश्न गरेका थिए । कसैले फेला नपारोस् भनेर शरीरका भागहरू झोलामा राखेर फोहोरमा फालेको हो ? भन्ने प्रश्नमा पनि नरेशले स्वीकारोक्ति जनाएका छन् ।

नरेशको बयानअनुसार ममता मृत अवस्थामा भेटिएपछि आफूले शव व्यवस्थापन गरेको उनको दाबी छ । उनले ममताको मृत्यु आत्महत्याका कारण भएको हुन सक्ने बताउँदै आएका छन् । तर अभियोजन पक्षको दाबी भने फरक छ । ममताको हत्या नरेशले नै गरेको अभियोजन पक्षको आरोप छ । (एजेन्सीहरुको सहयोगमा)

पोखराको....

४४ बल खेलेका उनले ३ चौका र १ छक्का प्रहार गरे । युवराज साम्राले १४ बलमा ४ चौकाको सहयोगमा १९ रन बनाए । किरण ठगुन्नाले १३ रन बनाउँदा अर्जुन घर्तीले १२ रन बनाए । यसबाहेक पोखराका अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

चितवनका लागि रिजन ढकाल एक्लैले ४ विकेट लिए । कमलसिंह ऐरीले ३ विकेट लिँदा डान मुस्ली, कुशल मल्ल र मौसम ढकालले समान १-१ विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङ गरेको चितवनले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १५१ रन बनाएको थियो । चितवनका लागि कप्तान सिकन्दर राजाले सर्वाधिक ३७ रन बनाए । रवि बोपाराले ३५, अर्जुन साउदले ३१, डेविड मलानले २८ र कुशल मल्लले ११ रनको योगदान दिए । बलिङतर्फ पोखराका विपिन खत्री, कुशल भुर्तेल र चमिका करुणारत्नेले समान २-२ विकेट लिए ।

शुक्रबार नै भएको अर्को खेलमा सुदूरपश्चिम रोयल्सले तेस्रो जित निकालेको छ । शुक्रबार कर्णाली याक्सलाई ३९ रनले पराजित गर्दै सुदूरपश्चिमले प्रतियोगितामा तेस्रो जित हात पारेको हो ।

सुदूरपश्चिमले दिएको १७७ रनको लक्ष्य पछ्याएको कर्णालीले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १३७ रनमात्रै बनाउन सक्यो । कर्णालीका लागि डेभिड मिलरले अर्धशतकीय इनिङ खेले । मिलरले ५५ बलमा ५ चौका र ७ छक्काको सहयोगमा अविजित ९३ रन बनाए । दीपक डुम्रेले १२ बल खेल्दै ३ चौका १ छक्का मदतमा १८ रन बनाए । यसबाहेक कर्णालीका बाँकी खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् । बलिङतर्फ सुदूरपश्चिमका स्कट कुगलेइनले २ तथा दीपेन्द्र सिंह ऐरी, अनिल खरेल, हेमन्त धामी अभिनाष बोहरा र थारिन्दु रत्नायकेले १-१ विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १७६ रन बनाएको थियो ।

सुदूरपश्चिमका लागि सैफ जैबले सर्वाधिक ३५ रन बनाए । २४ बल खेलेका उनले ४ चौका र १ छक्का प्रहार गरे । विनोद भण्डारीले २२ बलमा २ चौका र २ छक्काको सहयोगमा २७ रन जोडे । ब्रान्डन म्याकमुलेनले १६ बलमा २ चौका र १ छक्काको सहयोगमा २४ रन बनाए । इशान पाण्डेले १३ बलमा ३ छक्काको सहयोगमा २३ रन बनाए । कप्तान दीपेन्द्र सिंह ऐरीले १० रन बनाए भने आरिफ शेखले ११ रन बनाए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०६७/११/२५ मा दर्ता भएको श्री **ओम शिव शक्ति हर्वल प्रा. लि. (प्रा.लि. नं. ८१२६८)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विषेश दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

साउदीमा रोजगार

कम्पनी : **AL MAJID FOR AOOD.CO** शहर : **RIYADH**
पूर्व स्वीकृत मितिः २०८३/०७/२० चलानी नं.: ६०२६३१९९ L.T. No.: 350213

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Packing Worker	8	0	स. काममा दक्ष	1000	४०,१९०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २८ गते (14 November 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु १०,०००

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Professional Manpower Services Pvt. Ltd. श्रम इजाजत नं. ४३१/०६०/०६१
Basundhara-03, Kathmandu, Nepal | Contact No.: 01- 4987247, 01-4988247, 9842749745 (Gehendra Bahadur Khadka) | Email: info@pms.com.np

साउदीमा रोजगार

कम्पनीः **MARONA INDUSTRY COMPANY** शहरः **SAUDI**
पूर्व स्वीकृत मितिः २०८३/०७/२० चलानी नं.: ६०२६३१९३ **L.T. No.: 349970**

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	COMPANY DRIVER (HEAVY)	4	0	स. काममा दक्ष	1800	७२,३४२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २८ गते (14 November 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,००० कामदारले

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Bridge Sky International Pvt. Ltd.
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
Chandra Shekhar Khadka : 9843276628/9801030555, फोन नं. ४९५३३२१, ४९५४९७१, ४९५६३६१, फ्याक्सः ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np
Gov Lic No: 573/062/063

कुवेतमा रोजगार

कम्पनीः **LUNA CONTRACTING COMPANY-GENERAL CLEANING OF BUILDING, CITIES AND ROADS** शहरः **KUWAIT**
पूर्व स्वीकृत मितिः २०८३/०७/२० चलानी नं.: ६०२६३२०४ **LT. No.: 350219**

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner/Helper	15	25	स. काममा दक्ष	100	४९,००८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

कम्पनीः **BARBEQUE SPICY RESTAURANT** शहरः **KUWAIT**
पूर्व स्वीकृत मितिः २०८३/०७/२० चलानी नं.: ६०२६३२०५ **LT. No.: 350350**

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Assistant Cook	0	5	सम्बन्धित काममा दक्ष	130	६३,७१०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Cleaner/helper	5	5		100	४९,००८							
3.	Waiter/waitress/server	10	15		130	६३,७१०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २८ गते (14 November 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. २१०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SHUKRAN RECRUITMENT SERVICES PVT. LTD.
Kathmandu Metropolitian City- 9, Kathmandu, Bagmati Province, Nepal , Con; 9809465314,9860291781,9820565314 ,Tel No.: 01-5929466
Email: Shukranrrecruitmentservices@gmail.com, Website: Www.shukranrecruitment.com.np

TITP अन्तर्गत जापानमा रोजगारीको अवसर

कम्पनी : **TSUNAGU SUPPORT COOPERATIVE ASSOCIATION** शहर : **JAPAN**
पूर्व स्वीकृत मितिः २०८३/०७/२० चलानी नं.: ६०२६३२०२ **LT. No.: 350043**

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब Japanese Yen	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Excavation Labours	3	0	स. काममा दक्ष	190000	१,८२,४००	क.नि. अनुसार	८ घण्टा	५ दिन	क.नि. अनुसार	छैन	छ	३ वर्ष

कम्पनी : **SEIZO SANGYO GIJUTSU KYODO KUMIAI** शहर : **JAPAN**
पूर्व स्वीकृत मितिः २०८३/०७/२० चलानी नं.: ६०२६३२०३ **LT. No.: 350042**

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब Japanese Yen	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Plumbing Works	3	0	स. काममा दक्ष	168724	१,६१,९७५	क.नि. अनुसार	८ घण्टा	५ दिन	क.नि. अनुसार	छैन	छ	३ वर्ष

कम्पनी : **FUKUSHIMA ECONOMIC BUSINESS COOPERATIVE** शहर : **JAPAN**
पूर्व स्वीकृत मितिः २०८३/०४/२६ चलानी नं.: ६०२९५५८१ **LT. No.: 346423**

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब Japanese Yen	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Warehouse Operation	18	0	स. काममा दक्ष	202125	१,९४,०४०	क.नि. अनुसार	८ घण्टा	५ दिन	क.नि. अनुसार	छैन	छ	३ वर्ष

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	निःशुल्क

उम्मेदवारले बुझ्नुपर्ने महत्वपुर्ण जानकारी
क.नेपाली नागरिक हुनुपर्नेछ । ख.उमेर १८ वर्ष पूरा भई ५० वर्ष ननाघको हुनुपर्नेछ । ग.Japan मा काम गर्न इच्छुक उम्मेदवारले नेपाल तथा जापान सरकारको नीति अनुसार आश्यक सबै प्रक्रिया तथा कागजतहरु पूरा गर्नुपर्नेछ । घ.जापानमा रोजगारीको क्रममा सबै नियम तथा दायित्व अनिवार्य रुपमा पालना गनुपर्नेछ । ङ.स्वास्थ्य परीक्षण (दम रोग सहित) अनिवार्य हुनेछ ।

दरखास्तको लागि आवश्यक कागजातहरु
क.नेपाली नागरिकता प्रमाणपत्र ख.राहदानीका प्रतिलिपि ग. शैक्षिक प्रमाणपत्र घ.उम्मेदवारको CV ङ.हालसालै खिचिएको तस्विर ४ प्रति
च. अनुभव प्रमाण्पत्र भए प्रतिलिपी छ. N4 उत्तीर्ण गरेको हुनुपर्ने र Nursing Care क्षेत्रमा TITP अन्तर्गत जापान जान इच्छुक उम्मेदवार हुनुपर्ने ।

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८३ कार्तिक २८ गते (14 November 2026) मा हुनेछ ।

थप जानकारी
(क) चयन भएकालाई क्लिनिक तथा अस्पतालमा आवश्यक प्रक्रिया पूरा गर्न पठाइनेछ । (ख) सफल उम्मेदवारको अन्तिम नामावली प्रकाशित गरिनेछ । (ग) कम्पनी तथा मेनपावर द्वारा कार्यस्थलसम्म पुयाउने सम्पूर्ण व्यवस्थापन गरिनेछ । (घ) उम्मेदवारले नियम उल्लङ्घन गरेमा सम्पूर्ण कानुनी जिम्मेवारी स्वयं उम्मेदवारकै हुनेछ । (ङ) टिकट तथा सेवा शुल्क कम्पनीद्वारा वहन गरिनेछ । (च) नक्कली कागजात पेश गरे तुरुन्त कानूनी कारवाही हुनेछ (छ) विवाद भए नेपालको श्रम ऐनअनुसार समाधान गरिनेछ । (ज) जापान पुगे पछि कम्पनी तथा जापान सरकारको श्रम ऐन लागू हुनेछ (क) जापानमा स्वास्थ्य, आवास, बीमा तथा करसम्बन्धी व्यवस्था कम्पनीले गर्नेछ । (ञ) कार्यस्थलका सबै नियम तथा निर्देशिका पालना अनिवार्य हुनेछ । परिक्षण अवधि ३ महिनाको हुनेछ ।

वैदेशिक रोजगार विभागवाट गराईएको जानकारी
१) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् २) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् । ३) अनिवार्य रुपमा विमा गराउनुहोस । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् सोको एक प्रति आफुसंग राख्नुहोस् ५) श्रम स्वीकृतिबिना वैदेशिक रोजगारीमा नजानुहोस् वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् इजाजतप्राप्त रोजगार प्रा. लि. मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् अन्यथा ठगिने सम्भावना हुन्छ ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस् । ७) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ९ काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ८ करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

नोटः जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ । जापान सरकारले औधोगिक प्रशिक्षार्थीको रुपमा लिने, कुनैपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि ब्यवस्था छ । साथै औधोगिक प्रतिस्थानमा प्रयोग हुने व्यावहारीक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइन्छ ।

BHUMIPUTRA FOREIGN EMPLOYMENT SERVICE PVT.LTD.
Saraswoti Marga-02, Gairidhara, Kathmandu, Nepal
Tel: 01-5917711, 01-5917811 , Email: bhumiputraemployment@gmail.com
Mobile No: 9802370799, 9802377376, 9802377378. Website: bhumiputraemployment.com
श्रम इजाजत नं. १०९४/०७३/०७४

Government of Nepal
Ministry of Infrastructure Development
Department of Roads
Postal Highway Directorate

Letter of Intention for Opening of Financial Bid

Publication Date: 2083/07/21

This is to notify all concerned bidders as per Public Procurement Regulation 2064 Rule 31(ज) that opening of financial bid in respective date and place of following technically successful bidders for Notice No 06/082-83 & 07/082-83 in accordance with the instruction to bidders are selected as substantially responsive evaluated bid.

S. N.	Contract Description	Responsive Bidders	Financial Opening Date and Place
1.	Construction of Kalyankot-Gobardiha-Gadhawa-Rajpur-Gothuwa-Kumbar-Bethani-Nepalgunj-Mankhola Road Section (CH 0+000 to 28+300) of Kapilvastu and Dang District into Blacktopped Standard. (C.N.: HRP/337011284/082-83/UR-26)	1. M/S MOTIDAN-KSHAMADEVI-PTR ADHIKARI JV, Maharajgunj, Kathmandu 2. M/S Khani-Santoshi-Churiya JV, Triyuga, Udayapur, Nepal 3. M/S Lama Construction Company Pvt. Ltd., Maharajgunj, Kathmandu, 4. M/S KSNS-Om Sai Ram JV, Lalitpur 5. M/S Kankai-P.K.-Khadka JV, Ghorahi, Dang 6. M/S Kalika-Rayamajhi-Karna JV, Kathmandu 7. M/S Diwa Nirman Sewa Pvt. Ltd., Satdobato, Lalitpur 8. M/S Rautaha Construction Pvt. Ltd., Triyuga Municipality-02, Udayapur 9. M/S Mahalaxmi-P.R. JV, Balkumari, Lalitpur 10. M/S Elite Construction Company Pvt. Ltd., Sukedhara-04, Kathmandu 11. M/S P.S. Construction Company Pvt. Ltd., Chabahil, Kathmandu	**Date:** 2083/08/04 **Time:** 11hrs **Place :** Postal Highway Directorate, Bishalnagar, Kathmandu, Nepal
2.	Design and Build of Khajuraha Bridge, Hulasi Bridge and Bhaluhi Bridge along Tribeni Narayan Chowk Parasi Road, Nawalparasi (C.N.: HRP-DB/337011284/082- 83/BC-29)	1. M/S Ashishdeep/Shuvalaxmi/Bhauneli J.V., Bhadrapur-04, Jhapa, Nepal	
3.	Construction of Kanchaniya Khola Bridge along Taulihawa Bahadurganj Road Section (C.N.: HRP- 337011284/082-83/BC-32)	1. M/S Rijal/Aarambha/Satkanya JV, West Amuwa-2, Rupandehi Nepal 2. M/S Daya Nirman Sewa, Siddharthanagar, Rupandehi 3. M/S B.T. Nirman Sewa Pvt. Ltd., Battisputali-9, Kathmandu, Nepal 4. M/S Khampache-Pragatishil-J.S.R JV, Tokha Municipality-03, Kathmandu, Bagmati Province Nepal. 5. M/S Lumbini-Divya jv JV, Laxminagar, Butwal-6, Rupandehi 6. M/S Pradip Construction, Butwal -13, Rupandehi, Nepal	
4.	Construction of 3 cellx 5mx5m Box Culvert across Bhaluwai Khola along Rajbiraj-Kunauli Road Section Postal Highway, Saptari (C.N.: HRP/337011284/082-83/BC-35)	1. M/S Sahil Constructions, Sarlahi 2. M/S Vishal - Amrendra -Triyak JV, Rajbiraj Municipality -2, Saptari	
5.	Construction of 3 Cell x 6m x 6m RCC Box Culvert at Nepali Nahar Gopiganj and 3 Cell x 6m x 6m RCC Box Culvert at Panthe Khola along Narayan Chowk- Triveni Road (Hulaki Rajmarg), Nawalparasi. (C.N.: HRP/337011284/082-83/BC-38)	1. M/S N.M. Construction Pvt. Ltd., Tikathali, Lalitpur 2. M/S Murali - Sahil JV, Sarlahi, Sundarpur, Nepal 3. M/S Western Popular – Fourteen Star – Ruru Resunga JV, Resunga-9, Gulmi	

Project Director

'विपद्का बेला स्थानीय सरकारलाई फिल्डमा खटिने अधिकार र स्रोतसाधनको अभाव



काठमाडौं / मस- नुवाकोटको विदुर नगरपालिकाकी उपप्रमुख प्रभा बोगटीले विपद् व्यवस्थापनमा स्थानीय सरकारसँग जिम्मेवारी भएपनि आवश्यक अधिकार, स्रोतसाधन र जनशक्तिको अभाव रहेको बताएकी छन् । शुक्रबार ललितपुरमा आयोजित 'राइजिङ फोरम द रोयर' नामक राष्ट्रिय संवाद कार्यक्रममा उनले भोटेकोशी–त्रिशूली क्षेत्रमा आएको विपद्का बेला स्थानीय सरकारलाई प्रभावित क्षेत्रमा पुगेर अवस्था बुझ्न र नागरिकको समस्या सम्बोधन गर्न कठिनाइ भएको बताएकी हुन् । विपद्का बेला नागरिकले स्थानीय, प्रदेश वा संघीय सरकार भनेर नछुट्याउने भन्दै उनले आफ्नो अगाडि उपस्थित व्यक्तिसँगै सहयोगको अपेक्षा गर्ने उल्लेख गरिन् । तर यसपटक प्रभावित क्षेत्रको स्थलगत अनुगमन र उद्धारका क्रममा स्थानीय सरकारको भूमिका अपेक्षाकृत प्रभावकारी हुन नसकेको उनको भनाइ छ।

उनले पहिलो एक साता उद्धार कार्य हेलिकोप्टरमार्फत जीवित नागरिकको खोजी र उद्धारमा केन्द्रित भएपनि प्रभावित क्षेत्रको स्थलगत अवस्था बुझ्ने काम कमजोर रहेको बताइन्। प्रभावित नागरिकका लागि सुरक्षित बसोवास र खानाको व्यवस्था गर्न स्थानीय सरकारले भूमिका निर्वाह गरे पनि घटनास्थलमा पुगेर क्षतिको अवस्था बुझ्न तथा आवश्यक सहयोग गर्न कठिनाइ भएको उनले बताइन् ।उपप्रमुख बोगटीकाअनुसार जोखिम क्षेत्र घोषणा गरिएका स्थानमा सुरक्षाकर्मीको उपस्थितिबिना जान अनुमति नहुँदा स्थानीय जनप्रतिनिधिसमेत प्रभावित क्षेत्रमा पुग्न सकेका थिएनन्। आफूले पनि पाँच दिनसम्म फिल्डमा गएर अवस्था बुझ्न नपाएको उनले सुनाइन्। विपद्पछि स्थानीय नागरिकले आफ्ना परिवारका सदस्य पुरिएको वा बेपत्ता भएको स्थानमा पुगेर अवस्था बुझिदिन आग्रह गरे पनि आवश्यक सुरक्षा व्यवस्था र अधिकारको अभावमा त्यसो गर्न नसकिएको उनले बताइन् ।

स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र रहेर प्रभावितलाई सुरक्षित स्थानमा राख्ने र खानाको व्यवस्था गर्ने काम गरे पनि खोज तथा उद्धारमा सुरक्षा निकायकै नेतृत्व बढी प्रभावकारी भएको उनको भनाइ छ। विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय सरकारलाई पर्याप्त स्रोतसाधनसँगै फिल्डमा खटिएर काम गर्न सक्ने अधिकार र जनशक्ति उपलब्ध गराउनुपर्नेमा उनले जोड दिइन् ।

कार्यक्रममा डिसिए नेपालकी निर्देशक डा. सम्झना विष्टले विपद् व्यवस्थापनमा स्थानीय, प्रदेश र संघीय तहका सरकार तथा गैरसरकारी संस्थाहरूबीच जिम्मेवारी र भूमिका स्पष्ट हुनुपर्ने बताइन् । उनले विपद्का बेला मानवीय सहायता प्रभावकारी बनाउन तीनै तहका सरकार र सहयोगी संस्थाबीच समन्वय आवश्यक रहेको बताइन् ।

उनले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू नेपाल सरकारसँग सहकार्य गरेर काम गर्न आएको उल्लेख गर्दै नेपाल आफैं आत्मनिर्भर भएर अघि बढ्न सक्ने अवस्था निर्माण गर्नु सबैको साझा प्रयास हुनुपर्ने बताइन्। डा. विष्टका अनुसार अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले स्थानीय संस्था र समुदायसँग मिलेर काम गर्दै आएका छन्।

यस्ता सहकार्यको मुख्य उद्देश्य स्थानीयस्तरका साना संघसंस्थाको क्षमता अभिवृद्धि गर्नु र स्थानीय सरकारसँग नजिक रहेर काम गर्नु रहेको उनले बताइन्। विपद्का बेला स्थानीय सरकारको भूमिकाबारे उठेका प्रश्नमा उनले स्थानीय जनप्रतिनिधि स्वयं पनि सुरुमा प्रभावित हुनसक्ने भएकाले तत्काल परिचालनमा केही कठिनाइ देखिन सक्ने बताइन् ।

सोक्रममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीले विपद् व्यवस्थापनका लागि वडा तहसम्मै सक्रिय र सक्षम समिति निर्माण गर्नुपर्ने बताए। उनले विपद्को समयमा अधिकारको विकेन्द्रीकरण र स्थानीय सरकारको सक्रियता नै प्रभावकारी राहत वितरणको मुख्य आधार भएको बताए। डा. उप्रेतीले विपद्को पहिलो हप्ता पूर्ण रूपमा खोज, उद्धार र जीवन बचाउमा केन्द्रित हुनुपर्ने उल्लेख गरे ।

उनले ठुला अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको कामलाई छिटो र प्रभावकारी बनाउन प्राधिकरणले निरन्तर सहजीकरण गरेको बताउँदै राहत वितरणलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिए। उनले कठिन भूगोलका कारण सडक सञ्जाल भत्किएको अवस्थामा समेत हेलिकप्टरको प्रयोग गरी १३ हजार ५ सय भन्दा बढी मानिसको ज्यान बचाउन सफल भएको बताए ।

विपद् व्यवस्थापन ऐनमा भएको व्यवस्था र त्यसको कार्यान्वयन पक्षबारे बोल्दै डा. उप्रेतीले स्थानीय सरकारको क्षमता अभिवृद्धि आजको आवश्यकता भएको बताए ।

प्रेस काउन्सिलसम्बन्धी अध्यादेश जारी नगर्न राष्ट्रपतिसमक्ष महासंघको आग्रह



काठमाडौं / मस-नेपाल पत्रकार महासंघले प्रेस काउन्सिल ऐन २०४८ लाई संशोधन गर्न बनेको अध्यादेश जारी नगर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष आग्रह गरेको छ ।

महासंघका अध्यक्ष निर्मला शर्माका नेतृत्वमा पदाधिकारी, सल्लाहकार र केन्द्रीय सदस्य सहितको टोलीले राष्ट्रपतिसँग भेटेर अध्यादेशमा भएका प्रावधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा पार्न सक्ने प्रभावका विषयमा ध्यानाकर्षण गराएको हो ।

टोलीले सरोकारवाला पक्षसँग पर्याप्त छलफल र परामर्श नगरी संसद्लाई छलेर अध्यादेशमार्फत कानुन ल्याइनु लोकतान्त्रिक विधि र प्रक्रियासँग मेल नखाने राष्ट्रपतिसमक्ष जानकारी गराएको थियो ।

पछिल्लो समय समाचार कक्षमा प्रवेश गरी प्रहरीले पत्रकारमाथि धरपकड गरेको बारे स्वतन्त्र छानबिन गरी दोषीलाई कारबाही नगर्दै सरकारले अध्यादेश ल्याएर प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई थप प्रभावित बनाएको भन्दै संवैधानिक मर्मअनुसार आफ्नो विवेक प्रयोग गरिदिनुहुन राष्ट्रपतिसमक्ष महासंघले आग्रह गर्‍यो ।

राष्ट्रपतिसँगको भेटमा महासंघले संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति भएको स्मरण गराउँदै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासँग प्रत्यक्ष सरोकार राख्ने कानुन निर्माण गर्दा नियमित विधायकी प्रक्रियालाई अवलम्बन गर्नुपर्ने धारणा राखेको छ ।

दानबहादुर कार्कीद्वारा सर्वोच्चमा रिट दायर



काठमाडौं / मस- प्रहरी महानिरीक्षक (आइजिपी) पदबाट हटाएर प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकार बनाइएका दानबहादुर कार्कीले पुनर्बहालीको माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका छन् ।

रिटमा उनले आफूलाई पदबाट हटाउने सरकारको निर्णय गैरकानुनी भएको दाबी गर्दै दुईवटा महत्त्वपूर्ण न्यायिक नजिर प्रस्तुत गरेका छन् । कार्कीले तत्कालीन प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेल र नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यसम्बन्धी मुद्दामा सर्वोच्च अदालतले गरेका फैसलालाई आफ्नो पक्षमा आधार बनाएका हुन् ।

कार्कीका वारेस आभाष रेग्मीका अनुसार बिहीबार पेस गरिएको रिट शुक्रबार दर्ता भएको हो । रिटमाथि सुनुवाइका लागि कात्तिक ३० गते पेसी तोकिएको छ ।

कार्कीले आफूलाई पदावधि बाँकी रहँदै अर्को जिम्मेवारीमा खटाएर आइजिपीबाट अलग गरिएको भन्दै सरकारको निर्णय बदर गर्न माग गरेका छन् । रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, नेपाल प्रहरी प्रधान कार्यालय र नवनियुक्त प्रहरी महानिरीक्षक मनोज केसीलाई विपक्षी बनाइएको छ । उनको जिकिरमा आइजिपीलाई अर्को पदमा नियुक्त गरेको बहानामा मूल जिम्मेवारीबाट हटाउने निर्णय वस्तुनिष्ठ आधारविहीन र बदनियतपूर्ण छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/०९/०९ मा दर्ता भएको **प्रा.लि.नं. २०५१०७** को **ए.जे.आर. गारमेन्ट प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७४/०७/१६ मा दर्ता भएको **प्रा.लि.नं. १७७४२९** को **अल ईन वान कन्स्ट्रक्सन प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०७/०४ मा **प्रा.लि.नं. २४५९४९/०७७/०७८** मा दर्ता भएको **एग्रिकल्चर टुरिज्म हव प्रा.लि.** को मिति २०८३/०७/२० मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णयले कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम कम्पनीलाई स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदावी गर्न सम्वन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
लिक्विडेटर : सुशिल कुमार न्यौपाने, इजाजत पत्र नं.: ४३२
ठेगाना : त्रिपुरेश्वर, काठमाडौं, सम्पर्क : ९८५१०६२१२०

प्रकाशित मिति २०८३ साल कार्तिक महिना २१ गते शनिबार
कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचनाको भूल सुधार सम्बन्धमा

मिति २०८३ साल कार्तिक महिना १८ गते बुधबारको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा यस विकास बैंकबाट प्रकाशित भएको सूचनाको शीर्षक कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना हुनु पर्नेमा भुलवस अन्यथा भएकोले भूल सुधार गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८३/०७/२१

यस बैंकका निक्षेपकर्ता श्री शेर बहादुर ठकुरीको नाति, श्री नन्द बहादुर ठकुरीको छोरा, नुवाकोट जिल्ला, विदुर नगरपालिका, वडा नं.९ बस्ने वर्ष ७४ को श्री **गणेश बहादुर ठकुरी** (ना.प्र.नं. ३६०८, जारी मिति २०४२(०३(३०, नुवाकोट) को मिति २०८३/०६/२४ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको छोरा बुधेन्द्र बहादुर ठकुरीले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकका छोरा बुधेन्द्र बहादुर ठकुरीको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

युएईमा रोजगार कम्पनी : CHINA STATE CONSTRUCTION ENGINEERING CORPORATION शहर : UAE,Dubai
पूर्व स्वीकृत मिति : २०८३/०७/२० चलानी नं.: ६०२६३१३५ L.T. No.: 350300

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Pipe Line Operator	160	0	सम्बन्धित काममा दक्ष	1500	६१६०५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Building Electrician	350	0		1500	६१६०५							
3.	Gen. Plumber	325	0		1500	६१६०५							
4.	Air Con.-Mechanic	165	0		1500	६१६०५							

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ कार्तिक २८ गते (14 November 2026) मा हुनेछ ।

